# कृषि-मौसम सल्लाह सेवा बुलेटिन

जारी मिति : *०४ मंसिर २०७२*

अवधी : *०४ मंसिर २०७२ - १० मंसिर २०७२*

जिल्ला : बाँके

(जारी गर्ने:PPCR/BRCH/AMIS project, MOAD; AERD, NARC and Agro-met Section, DHM)

## नेपालगञ्ज एयरपोर्ट, बाँकेको मौसमी तथ्यांक

### गत हप्ता २६ कार्तिक २०७२ मा अन्त्य भएको मौसमी अवस्था

| मौसमी विवरण | गत हप्ता (२०कार्तिक २०७२ देखि २६ कार्तिक २०७२ सम्म) |
|---|---|
| कुल वर्षा (मि.मी.) | १.४ |
| अधिकतम तापक्रम (०सेन्टीग्रेड)को दायरा | २८.४ - २९.८ |
| न्यूनतम तापक्रम (०सेन्टीग्रेड)को दायरा | १३.३ - १५.७ |
| अधिकतम सापेक्षिक आर्द्रता (%) को दायरा | ९६.३ - ९८.० |
| न्यूनतम सापेक्षिक आर्द्रता (%) को दायरा | ४२.४ - ५९.५ |
| हावाको गति (मि/से ) को दायरा | ०.० - ३.२५ |
| हावाको दिशाको दायरा | उत्तर-पुर्व |

### २७ कार्तिक २०७२ देखि ०३ मंसिर २०७२ सम्मको मौसमी विवरण

| विवरण | दिन (१३ नोभेम्बर २०१५ – १९ नोभेम्बर २०१५) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २७/०७/०७२ | २८/०७/०७२ | २९/०७/०७२ | ३०/०७/०७२ | ०१/०८/०७२ | ०२/०८/०७२ | ०३/०८/०७२ |
| वर्षा (मि.मी.) | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| अधिकतम तापक्रम (°सेन्टीग्रेड) | २८.८ | २९.४ | २८.३ | २८.६ | २८.६ | २७.४ | २७.३ |
| न्यूनतम तापक्रम (°सेन्टीग्रेड) | १४.४ | १५.६ | १५.५ | १५.४ | १३.६ | १२.८ | १५.५ |
| अधिकतम सापेक्षिक आर्द्रता (%) | ९८.० | ९८.० | ९८.० | ९९.० | ९७.९ | ९५.८ | ८२.८ |
| न्यूनतम सापेक्षिक आर्द्रता (%) | ५४.२ | ५५.३ | ६४.६ | ६६.६ | ४१.९ | ५६.६ | ५७.७ |
| हावाको औसत गति(मि/से) | २.० | ०.० | १.५ | ३.२५ | ३.० | २.० | १.५ |
| औसत हावाको दिशा | उत्तर-पुर्व | उत्तर | उत्तर-पुर्व | दक्षिण-पुर्व | दक्षिण-पश्चिम | उत्तर-पुर्व | उत्तर-पुर्व |

# कृषि-सल्लाह

## क.मौसमी विश्लेषण

आगामी हप्ता समान्यरुपमा बदली रहेता पनि पानी पर्ने सम्भावना न्युन रहने छ | साथै सापेक्षित आर्द्रता औसतमा ७५% भन्दा माथि रहने छ | न्यूनतम र अधिकतम तापक्रममा गत हप्ताको भन्दा केहि कमी हुने र बिहानी पख चिसो बढ्न सक्नेछ |

## ख. बालीनाली

### १. धान बाली

- आफुलाई चाहिने जति बीउ प्राप्त हुने गरि स्वस्थ तथा समान बोटका राम्ररी पाकेका बाला बल्याएर शुद्ध बीउ उत्पादनको लागि ३-४ घाम सुकाइ-केलाइगरेर हावा नछिर्ने भाँडा जस्तै सीड बिन, भकारी ,घ्याम्पो वा बोरामा राख्न उपयुक्त हुन्छ|

### २. मकै (हिउदे) बाली

- जग्गाको अन्तिम तयारीको बेलामा कम्पोष्ट मल २०० के.जी, डि.ए.पी २.१ के.जी युरिया २.५ के.जी र म्युरेट अफ पोटाश १.६ के.जी प्रति कठ्ठाका दरले माटोमा राम्ररी मिलाउन उपयुक्त हुन्छ।
- मनकामना-१, गणेश-२ जस्ता हिउदे मकैको जात लगाउन उपयुक्त हुन्छ।

### ३. गहुँ

- माटोको चिस्यान घटिरहेको हुनाले चिस्यान रहँदै गहुँ छर्नु उपयुक्त हुन्छ ।
- जग्गाको तयारीको बेलामा ४०-५० के.जी. *कम्पोष्ट* मल तथा ३ के.जी. *यूरिया,* ३.६ के.जी. डि.ए.पी. र १.४ के.जी. *म्युरेट अफ पोटास* प्रति कठ्ठामा सिंचित जग्गामा तथा २.२ के.जी. युरिया, ३.६के.जी. डि.ए.पी. र १.१ के.जी म्युरेट अफ पोटास प्रति कठ्ठाका दरले असिंचित जग्गामा प्रयोग गरी राम्ररी माटोमा मिलाउनु पर्दछ ।
- गहुँका उन्नत जातहरु- बिजय, नेपाल९७१, आदित्य, गौतम, अच्यूत, रोहिणी, बि.एल ११३५ आदि जातहरु लगाउनु उपयुक्त हुन्छ।
- बीउको उपचार - *बेभिष्टिन* वा *वेनलेट* २ ग्राम वा *भाइटाभ्याक्स-२००* ३ ग्राम प्रति के.जी. का दरले उपचार गरेर मात्र वीउ छर्ने ।
- गँहुको वीउ ३.३ के.जी. प्रति कठ्ठाको लागि पर्याप्त हुन्छ।

### ४. तोरी

- माटोको चिस्यान घटिरहेको हुनाले चिस्यान रहँदै तोरी छर्नु उपयुक्त हुन्छ ।
- जग्गाको तयारीको वेलामा ३०-४० के.जी. *कम्पोष्टमल* तथा १.६ के.जी. युरिया, ३.० के.जी. डि.ए.पी. र १.१ के.जी. *म्युरेट अफ पोटास* प्रति कठ्ठाका दरले जग्गाको अन्तिम तयारीको बेला राम्ररी माटोमा मिलाउनु पर्दछ।
- तोरीका उन्नत जातहरु- प्रिती, उन्नति, प्रगति र विकास जातहरु लगाउनु उपयुक्त हुन्छ।
- <u>तोरीको बीउको उपचार गर्ने</u>- बीउबाट लाग्ने/सर्ने *अल्टरनेरिया* थोप्ले रोगको लागि *मेन्कोजेव* ३ ग्राम प्रति के. जी. बीउको दरले उपचार गरि छर्नु उपयुक्त हुन्छ।
- तोरीको वीउ २००-२५० ग्राम प्रति कठ्ठाको लागि पर्याप्त हुन्छ।

## ५. अरहर \मुसुरो

- बोट ओईलाउने रोगको रोकथामको लागि २ ग्राम *वेभिष्टिन* वा *डेरोसाल (कार्बेन्डाजिम)* प्रति लिटर पानीमा घोलेर अरहरको बोट भिज्ने गरि छर्कनु उपयुक्त हुन्छ।
- मुसुरो लगाउन जग्गाको तयारीको वेलामा ३०-४० के.जी. कम्पोष्ट मल तथा ५०० ग्राम *युरिया,* १.५ के.जी. डि.ए.पी. र १.१ के.जी. *म्युरेट अफ पोटास* प्रति कठ्ठाका दरले माटोमा राम्ररी मिलाउनु पर्दछ।
- आगामी हप्ता पानी पर्ने संभावना न्यून रहेकोले कम चिस्यान भएको खेतमा मुसुरो लगाउँदा वीउलाई १२ घण्टा सम्म पानीमा भिजाई २ घण्टा छाँयामा सुकाएर छर्नु उपयुक्त हुन्छ।
- *राइजोवियमले* मुसुरोको बीउलाई उपचार गरी लगाउन उपयुक्त हुन्छ।
- तोरी बालीसँग मुसुरो मिश्रित बालीको रूपमा लगाउँदा ६६५ ग्राम मुसुरो र ६५-१०० ग्राम तोरी मिसाएर प्रति कठ्ठाको दरले छर्नु उपयुक्त हुन्छ।
- मुसुरोका उन्नत जातहरु-खजुरा-१, खजुरा मुसुरो-२, सिन्दूर, सिम्रिक, शिशिर, शितल आदि जातहरु लगाउनु उपयुक्त हुन्छ।
- वीउको उपचार- *बेभिष्टिन* वा *डेरोसाल* ३ ग्राम प्रति के.जी. का दरले वीउको उपचार गर्नु उपयुक्त हुन्छ।

## ६. फलफूल बाली

- वर्षात् सकिएर सुख्खा मौसम शुरु भएको हुनाले केरा खेती गर्ने कृषकहरुले केराको घरी वरिपरि पात पतिङ्गर, केराको सुकेका पात आदिले छापो दिनु पर्दछ।
- सिचाई सुविधा भएका कागती बगैंचामा डब्बल रिङ्ग (डब्बल औंठी आकारको कुलेसो) बनाई सिचाई गर्नु पर्दछ। सिचाई सुविधा नभएमा स्याउला, घासपात वा कालो प्लाष्टिकको छापो राख्नु पर्दछ।
- कागती विरुवामा रोग किरा लागेका, उपचार हुन नसक्ने, एक आपसमा जोडिएका, सुकेका लामा लामा काडा भएका र सलक्क बढेका चोर हाँगाहरु कलमी भाग भन्दा तल बाट आएका मुनाहरु र विरुवाको मुल काण्डको ४०-५० से.मी भन्दा तल आएका सबै हाँगाहरु हटाउनु पर्छ। यसरी काटछाट गरे पछि १०% को बोर्डोपेष्ट लगाउनु पर्छ।

## ७. आलु

- आलु लगाउने उपयुक्त समय भएकोले यही समयमा तयारी गर्नु पर्दछ । जग्गा तयार गर्दा १००० केजी कम्पोष्ट /गोठेमल, ७.३ के.जी. *डि.ए.पी,* ४.६ के.जी यू *रिया* र ३.३ के.जी *म्यूरेट अफ पोटास* प्रति कठ्ठाका दरले राखी माटोमा मिलाउनुपर्दछ । आलुको सिफारिस गरिएका जातहरु ५०-६५ के.जी प्रति कठ्ठाका दरले लगाउनु पर्दछ।
- बियाँबाट बीउ वा खायन आलु उत्पादनको लागि *एच. पि. एस. II/67, एच. पि. एस. 7/67, एच. पि. एस. I/13* जातहरु उपयुक्त हुन्छन्।
- काटेर लगाउने आलुको वीउलाई २-३ प्रतिशत *मेन्कोजेवको* घोल बनाएर ५ मिनेट सम्म डुवाएर रोप्नु उपयुक्त हुन्छ।
- बढ्दै गरेका आलुमा माटोको चिस्यान हेरि १५-२० दिनको फरकमा हल्का सिंचाई गर्नु उपयुक्त हुन्छ।

**अगौटे डढुवा रोग**

**आलुमा यो रोग देखिएमा *मेन्कोजेव* ३ ग्राम प्रति लिटर पानीको घोल बनाई आलुको बोट पूरै भिज्ने गरि छर्नु उपयुक्त हुन्छ।**

तरकारी बालीहरु

- वेमौसमी प्याज उखेल्ने उपयुक्त समय भएकोले प्याजका वोटहरु उखेलेर छायाँमा एक दुई दिन अख्रन दिई टुप्पा काटेर सफा गर्नु पर्दछ।
- मौसमी प्याज खेती गर्ने कृषकहरुले तयार भएको प्याजको बेर्ना सार्ने उपयुक्त समय यही हो।
- प्याजको बेर्ना किनेर सार्नु पर्ने कृषकहरुले छिटो डुकु नआउने रेडक्रियोल जातको बेर्ना सार्नु उपयुक्त हुन्छ।
- काउली, बन्दा लगाएको ४५-५० दिन भईसकेको भएमा ७-१०ग्राम यूरिया (१चम्चा) प्रत्येक बोटको वरिपरि घेरा बनाई राखी पुर्नु पर्दछ । यसरी दोश्रो टपड्रेस गरिसकेपछि सिँचाइ गर्नुपर्दछ।
- काउली, बन्दा, ब्रोकाउली, सरि सके पछि फेद काट्ने किराको प्रकोप बढ्ने भएको कारणले क्लोरोपाइरिफस २०% ई.सी १ एम. एल. प्रति लिटर पानीमा घोली बिरुवाको फेद -फेदमा छर्नु पर्दछ।
- भण्टाको डाँठ तथा फलको गबारो व्यवस्थापनको लागी गवारोको कारण ओईलाएको मुन्टा, पात तथा फल टिपि करीव १ फुट गहिरो खाडलमा पुर्ने वा जलाउने । क्लोरानट्रानिलिप्रोल (कोराजेन) १८.५ इ.सि. ०.२ मि.लि. प्रति लिटर पानीमा मिसाई बोट भिज्ने गरी छर्ने ।
- हिउँदे तरकारी बालीको फेद काट्ने कीरा र बेर्ना कुहिने रोगको व्यवस्थापन गर्न क्लोरोपाईरीफोस १६% को ०.५ मि.लि. र कार्बोनडाइजिम (बेभिष्टिन) ५०% डब्लु.पि.को १ ग्राम प्रति लिटर पानीमा घोली स्प्रेयर बाट बोट भिज्ने गरी छर्नु पर्दछ ।
- आगामी हप्ता सामान्य रुपमा बदली रही रहने हुनाले खुर्सानीको फल लागिसकेको अवस्थामा पात तथा फलमा लाग्ने थोप्ले रोग (सर्कोस्पोरा र एन्थ्राक्नोज रोग) लाग्न सक्ने हुनाले बेभिष्टिन ५०% डब्लु. पि. को २ ग्राम प्रति लिटर पानीमा घोली पात तथा फल भिज्ने गरी छर्नु उपयुक्त हुन्छ।
- आगामी हप्ता सामान्य रुपमा बदली रही रहने हुनाले गोलभेडा, खुर्सानी, भण्टा आदिमाजरा कुहिने रोगको प्रकोप बढ्न सक्दछ।यसको व्यवस्थापनको लागि कार्वनडाइजिम ५०%डब्लु. पि. (बेभिष्टिन) २ ग्राम प्रति लिटर पानीमा घोलेर विरूवाको पुरै भाग र जरा सम्म पुग्ने गरी छर्नु पर्दछ ।
- सुख्खा मौसम भएकोले बेसार, अदुवा बालीको टुप्पो मर्ने/सुक्ने भएकोले छापो राखी चिस्यान जोगाउनु पर्दछ।

अन्य

- सापेक्षिक आर्द्रता घटबढ भइरहने हुनाले घरमा भण्डारण गरिएको खाद्यान्न तथा वीउहरुलाई रोग तथा कीराबाट बचाउन समय-समयमा हेरचाह गर्नु उपयुक्त हुन्छ।
- खेतबारीमा देखिने सबै कीराहरु हानिकारक हुदैनन् । तसर्थ कीरा देखिने बितिकै विषादीको प्रयोग नगरौं । मित्रजीव कीराहरु जस्तै माकुरा, गाइने कीरा, सात थोप्ले खपटे कीरा, बारुला, नमस्ते कीरा (*प्रेइङ्ग मेन्टीड*) देखिएमा तिनिहरुको संरक्षण र संबर्द्धन गरौं ।
- मौरी घारमा रोग, सुलसुले र रानु भए नभएको नियमित अवलोकन गर्नु पर्दछ।

## ग. बाली संरक्षण

१. लाही (*एफीड*)

- १ भाग गाईको गहुँत र ४ भाग पानी मिसाएर रातभरी राखेर लाही लागेको ठाँउमा भिज्ने गरी भोलीपल्ट अनुकुल मौसममा छर्कनु राम्रो हुन्छ ।
- *मालाथियन ५० इ.सी.,* २ मि.लि. प्रति लिटरको दरले पानीमा मिसाई लाही लागेको ठाँउमा भिज्ने गरी अनुकुल मौसममा छर्कनु उपयुक्त हुन्छ ।
- नयाँ पालुवामा लाही, *लिफ माईनर*, सुलसुले लाग्ने भएमा *सबई* वा *एट्सो तेल* १५ मि.लि. प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा छर्नु उपयुक्त हुन्छ।

## घ. पशुपालन

- कुम्नी (ढकेरी) लागेका बाख्राको हकमा दैनिक एक चक्की *डाईईथाइल कार्बामाजिन (डी.ई.सी.)-१००* मि.ग्रा. सात दिन सम्म खुवाउने र साथमा *भिटामिन बी कम्पलेक्स*को सुई २-३ दिन सम्म लगाउने ।
- पि.पि.आर रोग लाग्न नदिन ३ महिना भन्दा माथिका भेडा-बाख्रामा सो रोग विरुद्धको भ्याक्सिन लगाउनु उपयुक्त हुन्छ।
- बाख्राको *मोओला*को लागी ५% *पोभीडन आयोडिन* वा १% *कपर सल्फेट* वा २% *बोरिक एसिड*को झोल वा १% *पोटास*को घोलले मुख सफा गर्नु उपयुक्त हुन्छ। *मोओला*को भाइरस घाउ, चोटपटक लागेको वा काटेको ठाँउबाट मानिसमा सर्न गई त्यस्तै प्रकारको घाउ खटिरा आउन सक्ने हुनाले त्यस्तो रोगी बाख्रालाई घाउ चोटपटक नलागेको मान्छे वा पन्जा लगाएर स्याहार सुसार गर्नु पर्दछ।
- गाई, भैँसी तथा सुँगुरहरुमा खोरेत रोग लाग्न नदिन पशु सेवा कार्यालयको समन्वयमा सो रोग विरुद्दको भ्याक्सिन ६-६ महिनामा लगाउनु उपयुक्त हुन्छ।
- यो समयमा हिउदे घाँसहरु लगाउनका लागि जग्गाको तयारी गर्न उपयुक्त हुन्छ ।
- माछा पोखरीमा घुलित अक्सिजनको मात्रा बढाउन हावा यन्त्र (एरेटर) को प्रयोग गर्ने ।
- माछा पोखरीमा तापक्रम घट्ने क्रम रहेकोले भुमिगत पानी (वोरिङ्ग वा ट्युब वेल)ले पोखरीको पानीलाई विस्थापित गर्नु उपयुक्त हुन्छ । साथै माछालाई धेरै नचलाउन उपयुक्त हुन्छ।

~§§§§§§§§§§§§§§§§§§~